**चुलाचुली गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**अनुसूची २**

चुलाचुली गाउँपालिकाको

राजपत्र

**गाउँ कार्यपालिकाद्धारा प्रकाशित**

खण्ड,  संख्या ५, प्रकाशित मिति २०७५/०९/०६

**भाग-२**

**चुलाचुली गाउँपालिका**

# टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि

# २०७५

आज्ञाले,

काजिमान राई

प्रमुख प्रशासकीय अधिकृत

**चुलाचुली गाउँ कार्यपालिकाको बैठकबाट**

स्वीकृत मिति २०७५/०७/३०

चुलाचुली गाउँपालिकाको

# टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५

**चुलाचुली गाउँपालिका**

इलाम जिल्ला, १ नं. प्रदेश,

नेपाल।

# टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५

१. **भूमिका**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाको सहरी बस्तीहरूमा निश्चित भौगोलिक क्षेत्र भित्र रहेका सबै घरधुरीहरू सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न **चुलाचुली गाउँपालिका, ईलामले** यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

२. **उद्देश्य**

(क) टोल तथा बस्तीस्तरमा विभिन्न निकायहरूबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,

(ख) टोल वाससीहरूमा उद्यमशिलताको विकास गराई टोलस्तरमा लघुउद्यमको सिर्जना, विकास र प्रबर्द्धन गर्ने

(ग) टोल तथा बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समभ्रुदारी, समन्वय र मेलमिलाप कायम गराउने,

(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरूलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

(च) बस्ती/टोलस्तरमा सबै संस्थाहरूको प्रवेशद्वारको रूपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरूबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

(छ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रूपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

(ज) टोलका सदस्यहरूमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूको अभिलेख तयार गर्ने

(झ) टोलको समग्र विकासका लागि कार्यक्रमहरू तय गर्ने,

(ञ) वातावरणमैत्री तथा बालमैत्री गाउँ/नगर बनाउन तथा घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

**३. गठन**

**टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः**

(क) गाउँपालिका क्षेत्रको एक निश्चित भौगोलिक क्षेत्र भित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटक टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरू रहेको एक टोल विकास संस्था कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि **२** वर्षको हुनेछ ।,एक पटक अध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै २ वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै एकजना अनिवार्य रूपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रूपमा समेट्नु पर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तीमा ५० प्रतिशत महिला आबद्ध गराउनु पर्नेछ ।

(घ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूची-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ ।

(ङ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यबद्धता कायम गर्नु पर्नेछ ।

**४. दर्ता र सूचिकृत**

**टोल विकास संस्थाको दर्ता र सूचिकृत देहाय बमोजिम हुनेछः**

(क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता र सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिमा दर्ता गर्दा पेश गर्ने निवेदन तथा विधानको नमुना र सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना *अनुसूची -१* मा उल्लेख गरिए बमोजिम हुनेछ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा गाउँपालिकाको सम्बन्धित शाखाले अनुसूची-२ बमोजिमको टोल विकास दर्ता प्रमाण(पत्र प्रदान गर्नु पर्ने छ ।

(ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

(ग) यस कार्यविधि बमोजिम दर्ता गर्ने टोल विकास संस्थाको लागी तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

(घ) यस कार्यविधि बमोजिम सुचिकृत हुन आउने टोल विकास संस्थाको लागी पनि तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

(ङ) यस कार्यविधि बमोजिम टोल विकास संस्थाको रुपमा दर्ता वा सुचिकृत भई सकेपछि वार्षिक रुपमा आफुले गरेका गतिविधीहरुको लेखापरिक्षण सहितको विवरण पेश गरी गाउम्पालिकाको सम्वन्धित शाखाबाट संस्थाको नविकरण गर्नु पर्ने छ र त्यसरी नविकरण गर्दा तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

**५. टोल विकास संस्थाको काम**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरूको हितका लागि देहायका कार्यहरू गर्नेछः

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरू सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलमा सडक, ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिने,

(ङ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने,

(च) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

(छ) एच.आइ.भी./एड्स, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(झ) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिश गर्ने,

(ञ). टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त योजनाहरूको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ट) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरू टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने,